# भुमिकास्थान नगरपालिका

## विनियोजन ऐन, २०७५

भुमिकास्थान नगरपालिका

नुवाकोट, अर्घाखांची

## भुमिकास्थान नगरपालिकाको विनियोजन ऐन, २०७५

सभाबाट स्वीकृत मिति: २०७५।०३।१३

**<u>प्रस्तावना:</u>** भुमिकास्थान नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भुमिकास्थान नगर सभाले यो ऐन बनाएको छ ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१)**यस ऐनको नाम "भुमिकास्थान नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**<u>आर्थिक वर्ष २०७५।०७६ को निमित्त संञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>**: (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४९,०६,८१,००० (अक्षेरुपी उनन्पचास करोड छ लाख एकासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजन:</u>** (१) यस ऐनद्धारा संञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त भुमिकास्थान नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नगरस्तरीय योजना तथा कार्यक्रम | ९०,००,००० | ८,५५,५०,००० | | ९,४५,५०,००० |
| २ | | वडा स्तरीय योजना तथा कार्यक्रम | ५०,८०,००० | ३,४९,२०,००० | | ४,००,००,००० |
| ३ | | विषयगत शाखाका योजना तथा कार्यक्रम | १,१०,००,००० | | | १,१०,००,००० |
| ४ | | कार्य संचालन तथा प्रशासनिक खर्च | ५,६२,३१,००० | १,३०,००,००० | | ६,९२,३१,००० |
| ५ | | संघिय सरकार सशर्त अनुदानका योजना तथा कार्यक्रम | १८,५९,३६,००० | २४,६४,००० | | १८,८४,००,००० |
| ६ | | प्रदेश सरकार सशर्त अनुदानका योजना तथा कार्यक्रम | | ७५,००,००० | | ७५,००,००० |
| ७ | | जेष्ठ नागरिक दिर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम | ७,५०,००,००० | | | ७,५०,००,००० |
| ८ | | गरिवसंग विश्वेश्वर कार्यक्रम | ९,००,०००।०० | | | ९,००,००० |
| ९ | | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ५,००,००० | ६,००,००० | | ११,००,००० |
| १० | | सडक बोर्ड नेपाल | ३०,००,००० | | | ३०,००,००० |
| | | **कुल जम्मा** | ३४,६६,४७,००० | १४,४०,३४,००० | | ४९,०६,८१,००० |